# प्रदेश उच्च शिक्षा नियमावली, २०७९

आन्तरिक मामिला तथा
बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश उच्च शिक्षा नियमावली, २०७९

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०८०।०१।२८

प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश उच्च शिक्षा नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश उच्च शिक्षा ऐन, २०७८ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश उच्च शिक्षा परिषद् सम्झनु पर्छ।

(ग) "विश्वविद्यालय" भन्नाले ऐनको दफा ८ बमोजिम स्थापना भएको सार्वजनिक विश्वविद्यालय, सामुदायिक वा मानित विश्वविद्यालय एवम् स्वायत्त प्रतिष्ठान समेत सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) "संरक्षक समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठन भएको संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) सम्झनु पर्छ।

(ङ) "विश्वविद्यालय अनुदान आयोग" भन्नाले सङ्घीय विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्छ।

(च) "अनुगमन समिति" भन्नाले ऐनको दफा ५ को उपदफा (२) बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

(छ) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सो भन्दा माथिल्लो तहको उपाधि पाउने शिक्षा सम्झनु पर्छ।

## परिच्छेद- २

## परिषद् सम्बन्धी व्यवस्था

३. **परिषद्को काम, कर्तव्य र अधिकारः** ऐनको दफा ५ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ऐनको दफा ५ को उपदफा (२) बमोजिम समय समयमा उच्च शिक्षण संस्थाहरूको शैक्षिक पूर्वाधार, पाठ्यक्रम, सिकाई शिक्षण विधि तथा व्यवस्थापनको सम्बन्धमा अनुगमन गर्ने गराउने,

(ख) उच्च शिक्षण संस्थाहरूलाई नव प्रवर्तनात्मक शैक्षिक कार्यक्रम सञ्चालन गर्न अध्ययन अनुसन्धान गर्ने गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) सङ्घीय उच्च शिक्षा नीतिसँग नबाझिने गरी प्रदेश उच्च शिक्षा नीति जारी गर्न सिफारिस गर्ने,

(घ) प्रदेशमा सञ्चालित मानित विश्वविद्यालयको स्तरोन्नती गरी विश्वविद्यालय बनाउन अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) प्रदेश उच्च शिक्षण संस्था र सङ्घीय उच्च शिक्षण संस्था बीच समन्वयका लागि नीति सिफारिस गर्ने,

(च) प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाका प्राध्यापकको राष्ट्रिय स्तर निर्धारण सम्बन्धी नीति सिफारिस गर्ने।

४. **परिषद्को सदस्यको मनोनयनको मापदण्डः** ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) र (ञ) बमोजिमका परिषद् सदस्यहरूको मनोनयन गर्दा प्रदेशभित्र सञ्चालनमा रहेका उच्च शिक्षण संस्थामा आबद्ध रहेका प्राध्यापकहरूमध्ये देहाय बमोजिमका मापदण्डहरू अवलम्बन गरी मनोनयन गर्नुपर्नेछः-

(क) कुनै पनि फौजदारी कसूरमा सजाय नपाएको,

(ख) उच्च शिक्षाको शैक्षिक प्रशासनमा नेतृत्व गरेको वा प्राध्यापन क्षेत्रमा निरन्तर रूपमा योगदान दिएको,

(ग) अनुसन्धानात्मक लेख, रचना, पुस्तकहरू प्रकाशन गरेको,

(घ) मुनाफा आर्जन गर्ने शैक्षिक संस्थाको सञ्चालक समितिमा नरहेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

**५.** **परिषद्को सचिवालयः** (१) ऐनको दफा ३ बमोजिम गठित प्रदेश उच्च शिक्षा परिषद्को कार्य सञ्चालनका लागि मन्त्रालय अन्तर्गत एउटा छुट्टै सचिवालय रहनेछ।

(२) सचिवालयमा आवश्यक पर्ने कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

(३) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको अतिरिक्त सचिवालयले देहायका कार्यहरू सम्पादन गर्नेछः-

(क) ऐनको दफा ७ बमोजिमका कार्य सम्पादन गर्ने प्रयोजनका लागि आवश्यक अभिलेख अद्यावधिक गर्ने,

(ख) परिषद्का सदस्यलाई बैठक बस्नु कम्तीमा २४ (चौबीस) घण्टा अगाडि बैठकको एजेन्डा सहितको सूचना दिने,

(ग) बैठकको लागि आवश्यक व्यवस्थापकीय र प्राविधिक तयारी गर्ने,

(घ) परिषद्को गतिविधिका बारेमा समय समयमा सदस्यहरूलाई जानकारी दिने,

(ङ) परिषद्को कार्य सम्पादनमा सहयोग गर्ने,

(च) परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने।

**६.** **प्रतिवेदन पेश गर्नुपर्नेः** परिषद्ले आर्थिक वर्ष भित्र सम्पादन गरेका काम कारबाही समेटिएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद- ३

## अनुगमन समिति सम्बन्धी व्यवस्था

७. **अनुगमन समितिको गठनः** (१) ऐनको दफा ५ को उपदफा (२) बमोजिम गठित अनुगमन समितिमा दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको एक सदस्य सहित अन्य दुई जना सदस्य रहने छन्।

(२) उपनियम (१) बमोजिमको समितिका सदस्यहरूले आफूहरूमध्ये एकजना संयोजक छान्नेछन्।

(३) यस नियम अन्तर्गत गठन हुने अनुगमन समितिको कार्यकाल चार वर्षको हुनेछ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

(६) अनुगमन समितिले सचिवालयसँगको समन्वयमा काम गर्नेछ।

८. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च शिक्षण संस्थाहरूको आवधिक अनुगमन गरी ती संस्थाहरूले प्रदान गर्ने उपाधि, पाठ्यक्रम, सिकाई शिक्षण विधि, कार्यरत शिक्षक, भौतिक पूर्वाधार, अनुसन्धानमूलक क्रियाकलापका अतिरिक्त



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

परिषद्ले तोकेका अन्य विषयहरूको सम्बन्धमा परिषद् समक्ष प्रतिवेदन पेश गर्ने,

(ख) उच्च शिक्षण संस्थाहरूको सञ्चालनका क्रममा तोकिएको मापदण्ड पूरा भए नभएको, गुणस्तर कायम रहे नरहेको लगायतका विषयहरूको अनुगमन गरी परिषद् समक्ष सुझाव पेश गर्ने,

(ग) उच्च शिक्षण संस्थाहरूका सम्बन्धमा परेको उजुरीका सम्बन्धमा छानबिन गरी परिषद् समक्ष प्रतिवेदन पेश गर्ने,

(घ) अनुगमन समितिले अनुगमनको क्रममा कुनै विषयमा नियमन वा कारबाही गर्नु पर्ने देखेमा सोका लागि परिषद् समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने,

(ङ) परिषद्को निर्देशन बमोजिम अन्य काम कारबाही गर्ने।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पादन, कर्तव्य पालन र अधिकार प्रयोगको सम्बन्धमा अनुगमन समितिले छुट्टै कार्यविधि बनाउन सक्नेछ।

## परिच्छेद- ४

## विश्वविद्यालयको स्थापना तथा स्वीकृति सम्बन्धी व्यवस्था

९. **आवश्यकता पहिचान गर्ने:** परिषद्ले यो नियमावली लागू भएको छ महिनाभित्रमा र तत्पश्चात् सामान्यतया प्रत्येक पाँच वर्षमा प्रदेशमा आवश्यक विश्वविद्यालय तथा प्रतिष्ठानको सङ्ख्या तथा अध्यापन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्नु पर्ने विषयहरूको सम्बन्धमा विज्ञ समूहमार्फत अध्ययन गरी आवश्यकता पहिचान गराउनेछ।

तर प्रदेश सरकारले आवश्यकता परेमा पाँच वर्ष अगावै अध्ययन गराउन सक्नेछ।

१०. **स्थापनाका लागि आवेदन पेश गर्ने:** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालय प्रदेश सरकारको निर्णयद्वारा स्थापना हुनेछ।

(२) उपनियम (१) बमोजिम स्थापनाका लागि प्रस्ताव गरिएको विश्वविद्यालयको प्रस्तावित विधान, विश्वविद्यालयको आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधारका लागि भए गरेको कार्य प्रगतिको प्रतिवेदन पारित गरी प्रदेश सरकारले विश्वविद्यालय स्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्नेछ।

(३) ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सामुदायिक, मानित वा स्वायत्त प्रतिष्ठानको हकमा सम्बन्धित संस्थाको व्यवस्थापन समितिले अनुसूची- १ मा तोकिएको दस्तुर दाखिला गरी अनुसूची- २ को ढाँचा अनुसारको विधान सहित अनुसूची- ३ को ढाँचामा मन्त्रालयमा विश्वविद्यालय स्थापनाका लागि आवेदन दिनु पर्नेछ।

११. **आवेदन साथ पेश गर्नुपर्ने अन्य दस्तावेजहरू:** (१) यस परिच्छेद बमोजिम विश्वविद्यालय स्थापनाका लागि अनुसूची- ३ मा उल्लेख भए बमोजिमका कागजात समेत संलग्न गरी मन्त्रालयमा आवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश हुने आवेदनसाथ पेश गर्नुपर्ने कागजातलाई पूर्णता दिन मन्त्रालयले आवश्यक सहजीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

१२. **<u>आवेदनको जाँचबुझ सम्बन्धी व्यवस्था:</u>** (१) नियम ११ बमोजिम आवेदन पेश गरेपश्चात् त्यसरी पेश गरिएको आवेदन, संलग्न विवरण र कागजातहरू पूर्ण भए नभएको, रीतपूर्वक रहे नरहेको, ऐनको अनुसूचीमा तोकिएको मापदण्ड पूरा भए नभएको तथा त्यस्तो उच्च शिक्षण संस्था ऐन अन्तर्गत स्थापना हुने विश्वविद्यालय हुन योग्य रहे नरहेको यकिन गर्ने प्रयोजनका लागि परिषद्ले जाँचबुझ कार्यदल गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझ कार्यदल गठन गर्दा कार्यदलको संयोजकमा मन्त्रालयको सचिव, ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको एकजना सदस्य र परिषद्ले तोकेको एकजना विषय विज्ञ रहने गरी गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम गठित कार्यदलले नियम १० बमोजिम प्राप्त आवेदन उपर जाँचबुझ गरी स्वीकृतिको सिफारिस गर्दा ऐनले तोकेका मापदण्डका अतिरिक्त देहायका मापदण्ड पूरा गरेका संस्थालाई प्राथमिकता दिनेछ:-

(क) प्रदेश सरकारको अनुदान वा लगानीमा सञ्चालन भएका र मापदण्ड पूरा गरेका उच्च शिक्षण संस्था,

(ख) सङ्घीय विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र प्राप्त गरेका,

(ग) सामुदायिक वा मुनाफा वितरण नगर्ने उच्च शिक्षण संस्था।

(४) यस नियम बमोजिम गठित कार्यदलले नियम १० बमोजिम विश्वविद्यालयको स्थापनाका निमित्त मन्त्रालयमा परेको आवेदन, प्रस्तावित विश्वविद्यालयको विधानको मस्यौदा, आवेदनसँग संलग्न अन्य कागजात तथा प्रमाणहरू पर्याप्त भए नभएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

जाँचबुझ गर्ने तथा आवश्यकतानुसार स्थलगत अवलोकन समेत गरी ४५ (पैंतालीस) दिन भित्र प्रतिवेदन पेश गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिमको अवधिमा जाँचबुझको कार्य सम्पन्न हुन नसक्ने मनासिब कारण भए परिषद्ले १५ (पन्ध्र) दिनको समय थप गर्न सक्नेछ।

(६) जाँचबुझका क्रममा कार्यदल वा परिषद्ले पेश हुन आएको विधान उपर आवश्यक संशोधन गर्नका लागि निर्देशन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम प्रदान गरिएको निर्देशन बमोजिम विधान संशोधन गरी कार्यदलले तोकेको अवधि भित्र पुनः पेश गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ।

(८) जाँचबुझ कार्यदलले जाँचबुझ गर्दा मापदण्ड वा शर्त पूरा नभएका शिक्षण संस्थाका हकमा निश्चित अवधि तोकी मापदण्ड पूरा गरी पुनः आवेदन गर्न निर्देशन दिन सक्नेछ।

(९) जाँचबुझ कार्यदलको आफ्नो कामलाई व्यवस्थित गर्न कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

१३. <u>**विश्वविद्यालय स्वीकृतिका लागि सिफारिसः**</u> (१) नियम १० बमोजिम परेका आवेदन उपर नियम १२ बमोजिम जाँचबुझ सम्पन्न भएपछि मन्त्रालयले परिषद् समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा मापदण्ड पूरा भई योग्य देखिएको संस्थाको हकमा स्वीकृतिको सिफारिस गर्नुपर्नेछ।

१४. <u>**परिषद्मा पेश गर्नुपर्नेः**</u> (१) परिषद्मा स्वीकृतिका लागि सिफारिस भएको प्रस्तावलाई परिषद्ले आवश्यक अध्ययन गरी स्वीकृति दिन

मनासिब देखिएमा ३० (तीस) दिनभित्र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(२) परिषद्मा स्वीकृतिको लागि प्राप्त सिफारिस अध्ययन गर्दा पर्याप्त आधार पुगेको नदेखिएमा मन्त्रालयलाई ३० (तीस) दिनको समयावधि दिई थप जाँचबुझ तथा पुष्ट्याईको लागि निर्देशन दिन सक्नेछ।

१५. **<u>विश्वविद्यालय स्थापनाको स्वीकृति सम्बन्धीः</u>** (१) नियम १४ बमोजिम स्वीकृतिका लागि पेश भएको प्रस्तावमा परिषद्बाट भएको सिफारिस बमोजिम प्रदेश सरकारले विश्वविद्यालय स्थापनाको स्वीकृति प्रदान गर्न सक्नेछ।

(२) विश्वविद्यालय स्थापनाको स्वीकृति भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालयले अनुसूची- ४ बमोजिमको ढाँचामा विश्वविद्यालय स्थापनाको स्वीकृति पत्र जारी गर्नेछ।

(३) उच्च शिक्षण संस्था स्वीकृतिको सूचना र सो संस्थाको विधान प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद- ५

## <u>उच्च शिक्षण संस्था विश्वविद्यालय हुने सम्बन्धी व्यवस्था</u>

१६. **<u>आङ्गिक क्याम्पस विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्नेः</u>** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पसलाई सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्न चाहने संस्थाले मन्त्रालय समक्ष आवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको आवेदन उपर ऐनमा तोकिएको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा नियम १२ बमोजिम जाँचबुझ गरी नियम १३, १४ र १५ बमोजिमको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रक्रिया पूरा गरी प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालय स्थापनाको स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिमको स्वीकृतिको सूचना मन्त्रालयले सार्वजनिक रूपमा प्रकाशन गर्नेछ।

**१७. <u>उच्च शिक्षण संस्था विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्नेः</u>** (१) ऐनको दफा ९ को उपदफा (३) को प्रयोजनको लागि कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्थाले ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड र पूर्वाधार पूरा गरी सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय, प्रतिष्ठान वा प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा स्थापना भई सञ्चालन हुन चाहेमा मन्त्रालयमा आवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम आवेदन दिँदा साविकको मातृ विश्वविद्यालयसँग सम्बन्धन अन्त्य गर्ने सम्बन्धमा क्याम्पस सञ्चालक समितिबाट भएको निर्णय तथा सो विश्वविद्यालय अन्तर्गत भर्ना भएका विद्यार्थीहरूको सबै शैक्षिक सत्र पूरा गर्ने प्रतिबद्धता पत्र संलग्न राखी वा ऐनको दफा ९ को उपदफा (५) बमोजिम क्रेडिट (अङ्कभार) स्थानान्तरण गर्नुपर्ने भएमा सो को स्वीकृति प्राप्त गरी मातृ विश्वविद्यालयको कानूनले तोकेको भए सो प्रक्रिया समेत पूरा गरेको प्रमाण आवेदन साथ संलग्न गर्नुपर्नेछ।

(३) ऐनको दफा ९ को उपदफा (४) को प्रयोजनको लागि कुनै उच्च शिक्षण संस्थाले मन्त्रालयमा आवेदन दिन सक्नेछन्।

(४) यस नियम बमोजिमको आवेदन उपरको जाँचबुझ तथा स्वीकृति सम्बन्धी प्रक्रिया यसै नियमावलीमा उल्लिखित

विश्वविद्यालयको स्थापना तथा स्वीकृति सम्बन्धी कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद- ६

## आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको अनुमति

१८. **आङ्गिक क्याम्पसको मान्यता दिने तथा सम्बन्धन प्रदान गर्न सक्नेः** (१) सार्वजनिक विश्वविद्यालयले ऐनको दफा ३० बमोजिम प्रदेशभित्र सञ्चालनमा रहेका वा नयाँ स्थापना हुने उच्च शिक्षण संस्थालाई आङ्गिक क्याम्पसको रूपमा स्थापना गर्न वा सम्बन्धन प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आङ्गिक वा सम्बन्धन प्राप्त उच्च शिक्षण संस्थाको रूपमा सञ्चालन हुन चाहने संस्थाले नियम १७ बमोजिमको कार्यविधि पूरा गरी अनुसूची- ५ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष आवेदन पेश गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम आङ्गिक क्याम्पसको रूपमा स्थापना गर्दा वा सम्बन्धन प्रदान गर्दा देहायको कुराहरूलाई आधार बनाउनु पर्नेछः-

(क) विश्वविद्यालयको उद्देश्यसँग उच्च शिक्षण संस्थाको उद्देश्य मिल्दो हुनुपर्ने,

(ख) मुनाफा वितरण नगर्ने प्रकृतिको हुनुपर्ने,

(ग) ऐनले तोकेको मापदण्ड पूरा भएको हुनुपर्ने,

(घ) सम्पत्ति भन्दा दायित्व कम भएको हुनुपर्ने।

(४) सार्वजनिक विश्वविद्यालयले सम्बन्धन दिने क्याम्पसहरूको लागि परिषद्ले छुट्टै मापदण्ड बनाई लागू गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. **<u>विधानमा उल्लेख गर्नुपर्ने:</u>** ऐनको दफा ३० बमोजिम कुनै उच्च शिक्षण संस्थालाई आङ्गिक क्याम्पसको रूपमा मान्यता दिने वा सम्बन्धन प्रदान गर्ने सम्बन्धमा सम्बन्धित विश्वविद्यालयको विधानमा देहायका विषय समावेश गर्नुपर्नेछः-

(क) आङ्गिक क्याम्पसको मान्यता वा सम्बन्धन प्रदान गर्ने नगर्ने स्पष्टता,

(ख) आङ्गिक क्याम्पस वा सम्बन्धन प्रदान गर्न आवश्यक मापदण्ड,

(ग) आङ्गिक क्याम्पस वा सम्बन्धन प्रदान गर्दा अपनाउनुपर्ने कार्यविधि।

## परिच्छेद- ७

## <u>विविध</u>

२०. **<u>विधान संशोधनः</u>** (१) ऐन तथा यस नियमावली बमोजिम स्थापित विश्वविद्यालयको स्वीकृत विधान संशोधन गर्नु परेमा अनुसूची- १ मा तोकिएको दस्तुर दाखिला गरी प्रस्तावित संशोधन सहित अनुसूची- ६ बमोजिमको ढाँचामा मन्त्रालयमा आवेदन पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विधान संशोधनको प्रक्रिया यस नियमावलीमा व्यवस्था भएको विधान स्वीकृतिको कार्यविधि बमोजिम हुनेछ।

२१. **<u>कार्यविधि बनाउन सक्नेः</u>** (१) परिषद्ले ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने शिक्षण संस्थाको शैक्षिक गुणस्तर सुनिश्चित गर्न कार्यविधि बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपनियम (१) बमोजिमको कार्यविधि सङ्घीय कानून बमोजिम स्थापित विश्वविद्यालय अनुदान आयोगले गुणस्तर तथा प्रत्यायनका लागि तोकेको मापदण्ड अनुरूपको हुनुपर्नेछ।

२२. **<u>विद्यार्थीको अङ्कभार स्थानान्तरण (क्रेडिट ट्रान्सफर) सम्बन्धी व्यवस्था:</u>** ऐनको दफा २७ को प्रयोजनका लागि विद्यार्थी स्थानान्तरण गर्ने प्रक्रिया सम्बन्धित विश्वविद्यालयको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

२३. **<u>पूर्व स्वीकृति लिनुपर्ने:</u>** ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने शिक्षण संस्थाले विदेशी विश्वविद्यालय तथा शिक्षण संस्था तथा सङ्घीय विश्वविद्यालय एवम् शिक्षण संस्थासँग सम्पर्क राख्दा मन्त्रालय मार्फत सङ्घीय निकायबाट पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ।

२४. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** (१) विश्वविद्यालय स्थापना सम्बन्धी कार्यहरूलाई व्यवस्थित गर्न परिषद्ले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ।

२५. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:</u>** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

(नियम १० को उपनियम (३) र नियम २० को उपनियम (१) सँग सम्बन्धित)

## <u>दस्तुर र धरौटी</u>

| क्र.सं. | उच्च शिक्षण संस्था | निवेदन दस्तुर | स्वीकृति दस्तुर |
|---|---|---|---|
| १ | सार्वजनिक विश्वविद्यालय | रू. १००,००० | रू. ५,००,००० |
| २ | सामुदायिक विश्वविद्यालय | रू. १००,००० | रू. ५,००,००० |
| ३ | मानित विश्वविद्यालय | रू. १००,००० | रू. ५,००,००० |
| ४ | स्वायत्त प्रतिष्ठान | रू. १००,००० | रू. ५,००,००० |
| ५ | उच्च शिक्षण संस्था | रू. ७५,००० | रू. ३,००,००० |

**नोटः** नियम २० को उपनियम (१) बमोजिमको विधान संशोधन शुल्क निवेदन दस्तुरको ५० प्रतिशत हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- २

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

## विश्वविद्यालयको विधान

...सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय /स्वायत्त प्रतिष्ठानको विधान, २०...

प्रस्तावनाः

... बागमती प्रदेशको उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ बमोजिम .... सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/स्वायत्त प्रतिष्ठान, २०... तर्जुमा गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

२. परिभाषा

३. ... विश्वविद्यालयको स्थापना

४. विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने

५. विश्वविद्यालयको संस्थागत स्वरूप/संरचना विश्वविद्यालयमा देहाय बमोजिमका संस्थागत स्वरूप/संरचना रहनेछन् र तिनीहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) सभा

(ख) संरक्षक समिति (बोर्ड अफ ट्रस्टिज)

(ग) कार्यकारी परिषद्

(घ) प्राज्ञिक परिषद्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) सेवा आयोग

(च) शैक्षिक संस्था/केन्द्र

६. विश्वविद्यालयको काम, कर्तव्य र अधिकार

७. सभाको गठन

८. सभाको काम, कर्तव्य र अधिकार

९. संरक्षक समितिको गठन

१०. संरक्षक समितिको काम, कर्तव्य र अधिकार

११. सल्लाहकार समिति

१२. प्राज्ञिक परिषद्

१३. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार

१४. कार्यकारी परिषद्को गठन

१५. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार

१६. सेवा आयोगको गठन

१७. शैक्षिक कार्यक्रम सञ्चालन

१८. अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना तथा सञ्चालन

१९. विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी

२०. विश्वविद्यालयको कोष तथा लेखापरीक्षण

२१. विश्वविद्यालयको सञ्चित कोष र सञ्चालन विधि

२२. वित्तीय स्रोत सम्बन्धी व्यवस्था

२३. गुणस्तर निर्धारण तथा प्रत्यायन सुनिश्चित निकाय सम्बन्धी व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२४. योजना तर्जुमा पद्धति र जिम्मेवार निकाय

२५. पाठ्यक्रम सम्बन्धी व्यवस्था

२६. विद्यार्थी मूल्याङ्कन पद्धति र नतिजा प्रमाणीकरण सम्बन्धी व्यवस्था

२७. शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई उपलब्ध गराइने आधारभूत सुविधाहरूको विवरण

२८. समावेशी, वातावरणमैत्री र उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न आवश्यक पर्ने आधारभूत रणनीतिहरू

२९. अन्य आवश्यक विषयहरू।

**नोटः** माथि उल्लिखित विषय वस्तुहरूको क्रम र सो मा आवश्यक अन्य विवरणहरू आवश्यकता अनुसार थपघट गर्न वा विश्वविद्यालयको प्रकृति तथा काम कारबाही अनुसार परिमार्जन गर्न सकिनेछ। विधानको प्रस्तुत खाका सामान्य मार्गदर्शनको रूपमा अनुशरण गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

# अनुसूची- ३

(नियम १० को उपनियम (३) र नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

## <u>आवेदनको ढाँचा</u>

मितिः २०...।...।...

श्री माननीय मन्त्री ज्यू,

... मन्त्रालय,

बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

विषयः सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/प्रतिष्ठान स्थापना गरी पाउँ भन्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा हामी ... संस्था विगतमा ... विश्वविद्यालयको आङ्गिक/सम्बन्धन प्राप्त ... संस्थाको रूपमा विगत ... वर्ष देखि सञ्चालनमा रहेको तथा ..., ..., ... आदि विषयहरूमा शैक्षिक कार्यक्रम सञ्चालन गरी ... उपाधिहरू प्रदान गर्ने गराउने कार्यमा योगदान पुऱ्याउँदै आएकोमा यस संस्थाको मिति ... मा बसेको व्यवस्थापन समितिको निर्णय बमोजिम बागमती प्रदेशको उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ बमोजिम सम्पूर्ण मापदण्ड पूरा गरी सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/प्रतिष्ठान स्थापनाको स्वीकृतिको प्रयोजनार्थ देहाय बमोजिमका कागजात तथा प्रमाण संलग्न गरी यस निवेदन साथ उपस्थित भएका छौं। सम्पूर्ण प्रक्रिया पूरा गरी सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/प्रतिष्ठान स्थापनाको स्वीकृति दिलाई पाऊँ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

देहायः

१) सार्वजनिक विश्वविद्यालयको हकमा सार्वजनिक विश्वविद्यालय स्थापना गर्ने भनी सरकारबाट भएको निर्णयको प्रतिलिपि, सो सम्बन्धमा आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधारका लागि भए गरेको कार्य प्रगतिको प्रतिवेदन, सरकारद्वारा सैद्धान्तिक सहमति गरी पारित गरिएको विश्वविद्यालयको प्रस्तावित विधानको प्रतिलिपि।

२) सङ्गठित संस्थाले सो संस्थाको व्यवस्थापन समितिबाट सामुदायिक वा मानित विश्वविद्यालय वा स्वायत्त प्रतिष्ठानको रूपमा सञ्चालन हुने भनी तत् सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपि सहित निम्न कागजातहरूः-

(क) संस्था स्थापना हुँदा भएको सर्वसम्मत सम्झौता वा मुनाफा वितरण नगर्ने वा संस्था विघटन भएमा सो को सम्पत्ति सरकार वा विश्वविद्यालय वा सामाजिक संस्थाको हुने भनी उल्लेख भएको कागजपत्र,

(ख) संस्था दर्ताको प्रमाणित प्रतिलिपि,

(ग) संस्था अद्यावधिक गरिएको प्रमाण,

(घ) कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि,

(ङ) संस्था दामासाहीमा नपरेको भन्ने स्वघोषणा पत्र,

(च) प्रस्तावित विश्वविद्यालयको विधानको प्रमाणित प्रतिलिपि,

(छ) शैक्षिक कार्यक्रम सहित संस्थाको सम्पूर्ण विवरण खुलेको अवधारणा पत्र,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) संस्थामा कायम रहेका कूल विद्यार्थी, पूर्णकालिन तथा आंशिक शिक्षक, कर्मचारीको, निजको योग्यता लगायतको विवरण,

(झ) संस्थाको सम्पत्ति तथा दायित्वको विवरण,

(ञ) ऐनको अनुसूचीमा रहेको आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधार पूरा भएको स्वघोषणा र त्यसलाई प्रमाणित गर्ने आवश्यक कागजातहरू,

(ट) विश्वविद्यालय अनुदान आयोगबाट शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायनबाट प्रत्यायनकृत भए नभएको कुरा,

(ठ) अन्य आवश्यक कुराहरू...।

निवेदक

...............................................

अख्तियारप्राप्त अध्यक्ष/निर्देशक/सञ्चालक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

**<u>स्वीकृति पत्रको ढाँचा</u>**

स्वीकृति नं...

बागमती प्रदेश सरकार

... मन्त्रालय

हेटौंडा, मकवानपुर

**<u>स्वीकृति-पत्र</u>**

प्रदेश उच्च शिक्षा परिषद्को मिति ... को सिफारिस भए अनुसार बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति ... को निर्णय बमोजिम उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी ... लाई सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/स्वायत्त प्रतिष्ठानको रूपमा स्थापना र सञ्चालन गर्नको लागि यो स्वीकृति पत्र प्रदान गरिएको छ। यस विश्वविद्यालय/प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

....................

सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ५

(नियम १८ को उपनियम (२) सँग सम्बन्धित)

**आङ्गिक वा सम्बन्धन प्राप्त उच्च शिक्षण संस्थाको रूपमा सञ्चालन हुन चाहने संस्थाले दिने आवेदनको ढाँचा**

मितिः २०...।...।...

श्री माननीय मन्त्री ज्यू,

... मन्त्रालय,

बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

विषयः ... स्थापना गरी पाउँ भन्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा हामी ... संस्था विगतमा ... विश्वविद्यालयको आङ्गिक/सम्बन्धन प्राप्त ... संस्थाको रूपमा विगत ... वर्ष देखि सञ्चालनमा रहेको तथा ..., ..., ... आदि विषयहरूमा शैक्षिक कार्यक्रम सञ्चालन गरी ... उपाधिहरू प्रदान गर्ने गराउने कार्यमा योगदान पुऱ्याउँदै आएकोमा यस संस्थाको मिति ... मा बसेको व्यवस्थापन समितिको निर्णय बमोजिम बागमती प्रदेशको उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ बमोजिम सम्पूर्ण मापदण्ड पूरा गरी ... स्थापनाको स्वीकृतिको प्रयोजनार्थ देहाय बमोजिमका कागजात तथा प्रमाण संलग्न गरी यस निवेदन साथ उपस्थित भएका छौं। सम्पूर्ण प्रक्रिया पूरा गरी ... स्थापनाको स्वीकृति दिलाई पाऊँ।

देहायः

(क) प्रस्तावित उच्च शिक्षण संस्थाको नाम, ठेगाना र प्रस्तावित पूर्वाधारको विवरण

(ख) प्रस्तावित उच्च शिक्षण संस्थाको प्रकृति, सञ्चालन विधान र संस्थापक सदस्यको सम्पूर्ण विवरण

(ग) अध्यापन गराउन चाहेको विषयहरू र त्यसको विवरण

(घ) विश्वविद्यालय लगायत अन्य निकायबाट अनुमति लिनुपर्ने भएमा सो सम्बन्धमा दिइएको अनुमति वा सहमति

निवेदक

..........................................

अख्तियारप्राप्त अध्यक्ष/निर्देशक/सञ्चालक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ६

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

**<u>आवेदनको ढाँचा</u>**

मितिः २०...।...।...

श्री माननीय मन्त्री ज्यू,

... मन्त्रालय,

बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

विषयः ... विश्वविद्यालयको विधानमा आवश्यक संशोधन गरी पाउँ भन्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस ... विश्वविद्यालयको मिति ... मा बसेको सभाको निर्णय बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत यस विश्वविद्यालयको विधानमा यसै निवेदनसाथ संलग्न संशोधन प्रस्ताव, बागमती प्रदेशको उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ बमोजिम संशोधन स्वीकृतिको प्रयोजनार्थ यस निवेदन साथ उपस्थित भएका छौं। सम्पूर्ण प्रक्रिया पूरा गरी विधानमा संशोधन स्वीकृति गरी पाऊँ।

**संलग्न कागजातः**

(क) संशोधनको औचित्य र प्रस्ताव,

(ख) सभाको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) संशोधन प्रस्तावको तीन महले फाराम,

(घ) संशोधित व्यवस्थाको हकमा आर्थिक दायित्व थप हुने भएमा आर्थिक टिप्पणी।

निवेदक

..............................................

अख्तियारप्राप्त अध्यक्ष/निर्देशक/सञ्चालक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश